आज मिति २०७९।०८।२३ गतेका दिन दिउसो ठिक १:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १०औं बैठक बसी तपशिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपशिलः**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | उप-प्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री सन्तोष कुमार ओली | अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री हरि प्रसाद चौधरी | अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष, वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | श्री दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | श्री झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| १९ | श्री कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| २० | श्री दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | श्री शेर बहादुर बुढा | सचिव | |
| **अन्य उपस्थिति** | | | |
| १ | सनत प्रसाद न्यौपाने | लेखा अधिकृत | |
| २ | प्रशान्त अधिकारी | इन्जिनियर | |

**प्रस्ताव नं. १ योजना कार्यान्वयन सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समपुर अनुदान, विशेष अनुदान तथा तराई मधेश समृद्दी कार्यक्रम लगायत अन्य निकायबाट प्राप्त हुने विभिन्न अनुदान तर्फका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि प्राविधीक लागत अनुमान बमोजिम सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रक्रिया अगाडी बढाउन योजना तथा प्राविधीक शाखालाई जिम्मेवारी सहित निर्देशन गर्ने निर्णय गरियो

**प्रस्ताव नं. २ योजानाको छनौट गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिक वडा नं. १ बजार क्षेत्र आसपास ३ किमि सडक कालोपत्रेका लागि यातायात पूर्वाधार तर्फको सुदूरपश्चिम प्रदेश-नगद अनुदानमा विनियोजित ७० लाख र नगरपालिका समपुरक अनुदानको ७० लाख गरी जम्मा रु १ करोड ४० लाख रकमको कार्यान्वयनका लागि कर कार्यालय रोड देखि कालिका रोड-साजको रुखको बाटो हुँदै टिकापुर रोडसम्मको बाटोलाई छनौट गरि उक्त योजना संचालनका लागि ठेक्का गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ ह्यूम पाईप खरिद सम्बन्धमा ।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा  नगरपालिकाको विभिन्न वडाहरुका लागि आवश्यक पर्ने ह्यूम पाईप खरिदका लागि विनियोजित रकम रु ५० लाख बाट ४५० mm को ४० प्रतिशत र ६०० mm को ६०  प्रतिशतले हुन आउने संख्याको ह्यूम पाईप खरिदका लागि बोलपत्र आह्वान गर्न  योजना तथा प्राविधीक शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ हाई मास्ट लाईट जडानका लागि ठेक्का गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाभित्रका विभिन्न क्षेत्रमा हाईमस्ट लाईट जडानका लागि विनियोजित रकमको लागत अनुमान तयार गरि चुहा, गुलरा, बल्चौर, बलिया चोकमा हाई मास्ट लाईट जडानका लागि ठेक्का गर्ने निर्णय गरियो, साथै बोलपत्रमा लागत अनुमान भन्दा  कम रकममा बोलपत्र स्वीकृत भई रकम बच्न गएमा प्राथमिकताका आधारमा तपशील अनुसारका क्षेत्रमा हाईमस्ट लाईन जडान गर्ने निर्णय गरियो र हाईमस्ट लाईट जडान गरिएका क्षेत्रका सडकमा बाकी रहेका सौर्य बत्तिहरुको मर्मत गरि नगरपालिका र वडा कार्यालयको निर्णयानुसार व्यवस्थापन गर्ने र उक्त मर्मत तथा व्यवस्थापनका लागि लाग्ने आवश्यक खर्च आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट भूक्तानी गर्ने निर्णय गरियो ।

**तपशील**

१. प्रतापपुर     २. क्याम्पस चोक     ३. गप्का चोक     ४. कान्छि बजार

**प्रस्ताव नं. ५ जग्गा नाप जाँच सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथी छलफल गर्दा लम्कीचुहा नगरपालिका क्षेत्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बासोबासीहरुको व्यवस्थापनका लागि राष्ट्रिय भूमि आयोग स्थानीय सेवा केन्द्र लम्कीचुहा नगरपालिका, कैलालीद्वारा परामर्श सेवा खरिद सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रक्रिया मार्फत जग्गा नापजाँचको कार्य र कन्ट्रोल पोईन्ट निर्माणको कार्य अगाडी बढाउनका साथै सो का लागि आवश्यक पर्ने रकम राष्ट्रिय भूमि आयोग, स्थानीय सेवा केन्द्र लम्कीचुहा नगरपालिकाका लागि विनियोजित रकमबाट खर्च व्यहोर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ कोल्ड स्टोर निर्माण सम्बन्धमा।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथी छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ४ मा निर्माण हुने कोल्ड स्टोरका लागि लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको किसान बहुउद्देश्यीय सहकारी संस्था संग समन्वय र सहकार्य गरि ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ७ कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाद्वारा तर्जुमा गरिएका तपशील बमोजिमका कार्यविधीहरु स्वीकृत गर्ने निर्णय गरियो।

**तपशिल**

१. जनआन्दोलन तथा जनयुद्दका घाईते दलित, एकल महिला, बादी, सोनाहा, निलोकार्ड प्राप्त अपाङ्ग, अति गरिव स्वास्थ्य बिमा कार्यक्रम कार्यविधी, २०७९
२. लम्कीचुहा नगरपालिका मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०७९
३. लम्कीचुहा नगरपालिकाको पुराना भवन अभिलेखिकरण सम्बन्धी कार्यविधी, २०७९

**प्रस्ताव नं. ८ सडक बोर्डको रकम कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा सडक बोर्डद्वारा संचालन गरिने कार्यक्रमका लागि विनियोजित रकम रु.बिस लाख मध्ये नगरपालिकाबाट तिस प्रतिशत र सडक बोर्डबाट सत्तरी प्रतिशत बेहोर्ने व्यवस्था रहेकोमा नगरपालिकाबाट तिस प्रतिशत उपलब्ध गराईसकेको र बाँकि रकम सडक बोर्ड नेपालबाट निकासा हुनपर्नेमा नगरपालिका बाट आवश्यक कागजात र बिल भर्पाइ पेस समयमा नभएका कारण रकम निकासा नहुने जानकारी भएकाले सो सम्बन्धमा जाँचबुझ तथा अध्ययन तपशील बमोजिमको अध्ययन समिति गठन गरि उक्त समितिको प्रतिवेदनका आधारमा संचालित योजना तथा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरि सो निर्माण कार्यको रकम भुक्तानी गर्ने निर्णय गरियो।

**तपशील**

१. लव बहादुर शाही-संयोजक

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भरका, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

२. सन्तोष कुमार ओली-सदस्य

३. तिलक बोहरा-सदस्य

**प्रस्ताव नं. ९ विस्तृत अध्ययन प्रतिवेदन (DPR) सम्बन्धमा।**

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ४ मा सिटी हल निर्माणका लागि विनियोजित रकमबाट परामर्श सेवा खरिद मार्फत विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने/गराउने निर्णय गरियो

**प्रस्ताव नं. १० प्रारम्भीक वातावरणीय परिक्षण/वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा।**

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका विभिन्न खोला तथा नदिहरुबाट नदिजन्य पदार्थको उत्खनन मार्फत आन्तरिक राजश्व संकलनका लागि तोकिएका कर्णाली, रोरा धोबिनिया, चोरी, चरेला, पथरैया, र बहुला खोलाहरुको प्रारम्भीक वातावरणीय परिक्षण/वातावरणीय प्रभाव मूल्यांकन गर्ने साथै सो का लागि आवश्यक पर्ने रकम आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट भूक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११ सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धमा।**

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि आवश्यक पर्ने तपशील बमोजिमको जनशक्ति सेवा करार मार्फत पदपूर्ति गर्ने निर्णय पारित गरियो।

**तपसील**

१. सूचना प्रविधी अधिकृत
२. कानूनी सल्लाहकार
३. पशु चिकित्सक
४. कृषि अधिकृत
५. सामाजिक परिचालक (गरिव संग विश्वेश्वर कातर्यक्रम)
६. सवईन्जिनियर (ल्याव संचालनका लागि)

**प्रस्ताव नं. १२ सवारी साधन खरीद रकम विनियोजन सम्बन्धमा।**

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा लम्की चुहा नगंरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुका लागि आवश्यक पर्ने सवारी साधन खरीदको लागि आवश्यक रकम रु. १० लाख मात्र आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट विनियोजन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १३ विविध विषय सम्बन्धमा।**

**प्रस्ताव नं. १३.१ योजनाको संचालन सम्बन्धमा।**

निर्णय नं. १३.१ प्रस्ताव नं. १३.१ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका विभिन्न वडामा यातायात पूर्वाधार तर्फ तपशील अनुसारको योजनामा विनियोजित रकमको कार्यान्वयनका लागि सम्बन्धित वडाका वडा अध्यक्षसंगको समन्वयमा प्राविधिक लागत अनुमान बमोजिम ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो।

**तपशील**

१. लम्कीचुहा-०७ हरदानीमा चाँदको पारदेखि पिपल पकरिया हुँदै जानकीनगर जाने टोल पछाडीको सडक स्तरोन्नती
२. लम्कीचुहा-१० सुतैयामा चुहा-सुतैया सडक स्तरोन्नती

**प्रस्ताव नं. १३.२ क्षतिपुर्ति राहत तथा आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १३.२ प्रस्ताव नं. १३.२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका क्षेत्रमा आगलागीका कारण आगलागीबाट क्षतिपुर्ति पुगेका घरपरिवारलाई यस कार्यालयमा पेश हुन आएका निवेदन बमोजिम आंशिक क्षति भएकाको हकमा रु.५,०००।– र पुर्ण क्षति भएको हकमा रु. १०,०००।– का दरले क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं.१३.३ रकम निकासा सम्बन्धमा।**

निर्णय नं. १३.३ प्रस्ताव नं. १३.३ माथि छलफल गर्दा लम्किचुहा नगरपालिकाको कार्यालयद्वारा आयोजित लैङ्गिक हिंसा बिरुद्दको १६ दिने अभियानको कार्यक्रम संचालनका लागि खर्च भएको रकम आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शिर्षक अन्तर्गत महिला विकास तथा वालवालिका सम्बन्धी कार्यक्रममा विनियोजित रकमबाट खर्च गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १३.४ सम्मान तथा पुरस्कार सम्बन्धमा।**

निर्णय नं. १३.४ प्रस्ताव नं. १३.४ माथि छलपल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको बालकल्याण मा.वि.मा अध्ययनरत तपशिल अनुसारका छात्राले १५ वर्ष मुनिको महिला साफ च्याम्पियनसिप फुटबल, २०२२ मा नेपाललाई बिजेता गराउन महत्वपूर्ण भुमिका निर्वाह गर्दै नगरको समग्र प्रतिष्ठा बढाएकोमा सम्मान स्वरुप देहायको रकम सम्मान तथा पुरष्कार स्वरुप आ.व. २०७९।०८० को स्वीकृत कार्यक्रम खेलकुद तथा मनोरञ्जन शिर्षक अन्तर्गत नगर प्रमुख कपका लागि विनियोजत रकमबाट उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल**

१. वर्षा ओली-३४,०००।–
२. भुमिका बुढाथोकी-३४,०००।–

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**१३.५ कवाडीको ठेक्का गर्ने सम्बन्धमा।**

निर्णय नं. १३.५ प्रस्ताव नं. १३.५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेको कवाडको संकलन तथा विक्रिका लागि ठेक्का कबोल न्युनतम रकम रु. १,५०,०००। निर्धारण गरि ठेक्का गर्ने निर्णय गरियो।

**१३.६ बसपार्कमा शुल्क उठाउने दर रेट सम्बन्धमा।**

निर्णय नं. १३.६ प्रस्ताव नं. १३.६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको स्वामित्वमा रहेको बसपार्क को सेवा शुल्क असुलिको लागि निम्न वमोजिम दर रेट कायम गर्ने र ठेक्काको न्युनतम कवोल रकम रु. २,५०,०००। निर्धारण गरि ठेक्का गर्ने निर्णय गरियो।

**तपशील**

सानो गाडी रु. ३०।
ठुलो गाडी रु. ४०।

**१३.७ व्याको.हो.लोडर मर्मतको रकम भूक्तानी सम्बन्धमा।**

निर्णय नं. १३.७ प्रस्ताव नं. १३.७ माथि छलफल गर्दा यस नगरपालिकामा रहेको व्याको.हो.लोडर मर्मत गरेको रकम रु.६,०४,५५०। आवश्यक कागजात र बिल भर्पाइ वमोजिम भुक्तानि गर्ने निर्णय पारित गरियो।

**१३.८ नगरपालिका भवनमा पार्टेसन गर्ने सम्बन्धमा।**

निर्णय नं. १३.८ प्रस्ताव नं. १३.८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालय भवनमा स्वास्थ्य शाखा, स्वास्थ्य बिमा शाखा, महिला विकास शाखा, कार्यपालिका बैठक कक्ष र प्रवक्ता कक्ष निर्माण गर्न आवश्यक भएकाले नगरपालिको भुइ तला र माथिल्लो तलामा प्राविधिकको लागत अनुमानको आधारमा निर्माण प्रक्रिया अगाडि बढाउने र सो को लागि आवश्यक रकम नगरपालिका समपुरक कोषबाट व्यहोर्ने निर्णय गरियो।

**१३.९ कानुनी सल्लाहकारको पारीश्रमिक सम्वन्धमा।**

निर्णय नं. १३.९ प्रस्ताव नं. १३.९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको न्यायिक समितिमा कानुनी सल्लाहकारको रूपमा २०७९ साल असोज देखि काकाज गर्दै आउनुभएका अधिवक्ता रूपा चौधरीलाई नगरपालिकाको न्याय समितिको कामकाज गर्न राखिएकाले निजलाई डोर हाजिरी वमोजिम शाखा अधिकृत सरह सेवा सुबिधा उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १३.१० इन्धन सम्बन्धमा।**

निर्णय नं. १३.१० प्रस्ताव नं. १३.१० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारिहरुलाइ कार्यालयको कामकाजमा प्रयोग हुने गरि जिन्सी शाखाले लगत राखि तपसिल बमोजिमको परिणाममा ईन्धन उपलब्ध गराउने निर्णय गरियो।

**तपशील**

१. नगरपालिकाभित्र रहेका चार पांग्रे गाडी (जिप, ट्र्याक्टर, टिप्पर, ब्याकहोलोडर, दमकल) का लागि आवश्यक पर्ने ईन्धन जिन्सी शाखाले लगबुक ,अडर स्लीप लागत अनुमानको आधारमा उपलब्ध गराउने,
२. नगरपालिका अन्तर्गतका शाखा प्रमुख तथा प्राविधिक, वडा सचिव, र अधिकृतस्तरका कर्मचारीहरुका लागि प्रति महिना १० लिटर,
३. वडामा कार्यरत प्राविधीकहरु, शाखा प्रमुख बाहेकका अन्य कर्मचारीहरु, कार्यालय सहयोगिहरु र स्वास्थ्य संस्थाबाट फिल्डमा खटिने कर्मचारीहरुलाई सम्बन्धीत शाखाको सिफारिसमा ५ लिटर,

**प्रस्ताव नं. १३.११ सवारी मर्मत सम्बन्धमा।**

निर्णय नं. १३.११ प्रस्ताव नं. १३.११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा संचालनमा रहेका चारपांग्रे सवारी साधनको हकमा एक लाखसम्मको मर्मतका लागि जिन्सी शाखाको मर्मत आदेशका आधारमा र सो भन्दा माथिको मर्मत रकमका हकमा मेकानिकल इन्जिनियरको लागत अनुमान र सिफारिसका आधारमा मर्मत गर्ने साथै दुइपांग्रे सरकारी मोटरसाइकलको हकमा मर्मत आदेशका आधारमा सम्बन्धित सो-रुममा गई मर्मत गराउने र भुक्तानीका बखत अनिवार्य कम्प्युटराईज्ड बिल तथा भेट बिलका आधारमा मात्र बिल रकम भुक्तानी गर्ने निर्णय गरियो

**१३.१२ विविध चिया नास्ता खर्च सम्बन्धमा।**

निर्णय नं. १३.१२ प्रस्ताव नं. १३.१२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा नगर प्रमुख, नगर उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा हुने बैठक, कार्यक्रममा हुने सहभागी तथा कार्यकक्षमा आउने आगन्तुक तथा पाहुनाहरुका लागि चिया, नास्ता खाजा उलपब्ध गराउँदा अनिवार्य अडर स्लीपका आधारमा उपलब्ध गराउने, नगरपालिका अन्तर्गतका शाखाबाट संचालन हुने कार्यक्रमको लागि उपस्थितिका आधारमा सोही कार्यक्रमको शिर्षकबाट चिया, खाजा रकम बेहोर्ने, र नगरपालिकाबाट चियाको व्यवस्था भएकै हुँदा खाजा वापतको रकम सम्बन्धित कर्मचारीहरुले आफै बेहोर्ने साथै कार्यालयबाट दैनिक भ्रमण आदेश स्वीकृत गर्दा कर्मचारीहरुको हकमा सहभागीताको पत्र, कामकाजमा खटाइएको पत्र र शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्ने र जनप्रतिनिधिहरुको हकमा नगर प्रमुखले सोहि बमोजिम स्वीकृत गर्ने साथै भ्रमणमा जाने कर्मचारीहरु तथा पदाधीकारीले कामकाजमा जानुपूर्व भ्रमण आदेश स्वीकृत अनिवार्य रुपमा गराउने निर्णय पारित गरियो।

**१३.१३ पत्रपत्रिकाको सम्झौता तथा रकम भूक्तानी सम्बन्धमा।**

निर्णय नं. १३.१३ प्रस्ताव नं. १३.१३ माथि छलफल गर्दा पत्रपत्रिकाको सम्झौता तथा रकम भुक्तानीका सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो।

**तपसिल**

१. वडाको हकमा रु.५,०००।– सम्म वडा अध्यक्षसंगको सम्झौता र सिफारिस बमोजिम भूक्तानी गर्ने,
२. नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृतबाट रु १०,०००।– सम्म सम्झौता र रकम भुक्तानी,
३. नगरप्रमुखको तोक आदेश बमोजिम प्र.प्र.अ.बाट १०,०००।– देखी २०,०००।– सम्म सम्झौता गरि भुक्तानी गर्ने,
४. नगरपालिकामा सो भन्दा माथि कार्यपालिकाको बैठकको निर्णयानुसार सम्झौता र भूक्तानी गर्ने।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल